बेरुजुको अद्यावधिक विवरण तथा

बेरुजु फस्यौंट अनुगमन समितिबाट सम्पादित कार्यहरुको

# तेस्रो त्रैमासिक प्रतिवेदन

(२०८१ माघ-चैत्र)

प्रदेश सरकार

## बेरुजु फस्यौंट अनुगमन समिति

कोशी प्रदेश, विराटनगर

# विषयसूची


| विषय | पेज नं. |
|---|---|
| १. बेरुजु फस्यौंट अनुगमन समितिको परिचय | ३ |
| २. समितिको काम, कर्तव्य र अधिकार | ३ |
| ३. समितिबाट तेस्रो त्रैमासिक अवधिमा भएका निर्णय र सोको कार्यान्वयन अवस्था | ४ |
| ४. कोशी प्रदेशको बेरुजुको विवरण र फस्यौंटको अवस्था | ९ |
| (क) महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अनुसार बेरुजुको विवरण | ९ |
| (ख) मन्त्रालय/निकायहरुबाट प्राप्त भए अनुसार बेरुजुको विवरण | १० |
| (ग) बेरुजु फस्यौंटको मन्त्रालयगत प्रगति विवरण | १० |
| (घ) मन्त्रालय/कार्यालयको अभिलेख र म.ले.प.को वार्षिक प्रतिवेदन अनुसारको बेरुजुको हिसाब भिडान | ११ |
| ५. बेरुजु फस्यौंट कार्यमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु | १५ |
| ६. बेरुजु फस्यौंटलाई प्रभावकारी बनाउन आगामी दिनमा गर्नुपर्ने कार्यहरु | १५ |

## १. बेरुजु फस्यौंट अनुगमन समितिको परिचय

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९३ मा बेरुजु फस्यौंट अनुगमन समितिको व्यवस्था रहेको छ। सो अनुसार कार्यालयले गरेको बेरुजु फस्यौंटको अनुगमन गरी बेरुजु फस्यौंट सम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको **बेरुजु फस्यौंट अनुगमन समिति** रहेको छः-

| | |
|---|---|
| (क) प्रमुख सचिव, प्रदेश सरकार | -अध्यक्ष |
| (ख) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | -सदस्य सचिव |

बेरुजु फस्यौंट अनुगमन समितिको सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहने प्रावधान रहेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयमा वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा प्रमुखलाई समितिको सदस्यमा तोकिएको छ, भने आर्थिक विश्लेषण शाखाले सचिवालयको रुपमा कार्य गरिरहेको छ।

## २. समितिको काम, कर्तव्य र अधिकार

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९३ (२) अनुसार बेरुजु फस्यौंट अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) मन्त्रालय, अन्य निकाय, निर्देशनालय वा कार्यालयले गरेको बेरूजु फस्यौंट सम्बन्धी कामकारबाहीको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,

(ख) कायम भएको बेरूजु कम फस्यौंट गर्ने वा फस्यौंट नगर्ने मन्त्रालय, अन्य निकाय वा निर्देशनालयको प्रमुखलाई समितिमा उपस्थित गराई छलफल गर्ने,

(ग) कायम भएको बेरूजु फस्यौंट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीलाई मूल्याङ्कनको आधारमा कारबाहीको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने र यसरी दिइएको निर्देशन माथि कारबाही नगरेको पाइएमा लेखा उत्तरदायी अधिकृत उपर विभागीय कारबाहीको निमित्त प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) सम्बन्धित मन्त्रालय, अन्य निकाय वा निर्देशनालयलाई बेरूजु फस्यौंट गर्न आवश्यक निर्देशन दिने र बेरूजु फस्यौंट सम्बन्धी कारबाही सुरु गरे वा नगरेको वा असुल उपर गर्नु पर्ने भनी ठहऱ्याएको बेरूजु तोकिएको समयभित्र असुल उपर गरे वा नगरेको तथा प्रदेश तहसिल कार्यालयमा पठाए वा नपठाएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) बेरूजु फस्यौंट सम्बन्धी कामकारबाहीको सम्बन्धमा प्रत्येक तीन महिनामा सम्बन्धित मन्त्रालय वा अन्य निकाय वा निर्देशनालयबाट असुल उपर वा नियमित भएको र पेश्की बेरुजुको अङ्क समेत खुलाई प्रगति विवरण माग गरी अनुसूची-२१, अनुसूची-२३ र अनुसूची-२४ बमोजिमको ढाँचामा आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र **प्रदेश सभाको सार्वजनिक लेखा समितिमा** पेश गर्ने।

(च) साविक नेपाल सरकार अन्तरगतका कार्यालय प्रदेशमा हस्तान्तरण हुनु अघिको फस्यौंट गर्न बाँकी बेरुजुको लगत नेपाल सरकारको सम्बन्धित निकाय वा प्रदेशका निकायबाट विवरण एवम् कागजातहरु माग गरी सोको फस्यौंट गर्नका लागि आवश्यक समन्वय गर्ने गराउने।

समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ र समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नसक्ने प्रावधान रहेको छ।

**बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को दफा १७** को उपदफा (४) अनुसार बेरुजु फस्यौंट समिति वा समितिको सचिवालयले प्रदेशका मन्त्रालय वा अन्य निकायले गरेको बेरुजु फस्यौंट कार्यको नियमित रुपमा अनुगमन गरी अनुसूची-८ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ। सो समितिले मन्त्रालय वा अन्य निकायबाट प्राप्त बेरुजुको लगत तथा अद्यावधिक विवरण समेत समावेश गरी अनुगमनको त्रैमासिक तथा वार्षिक प्रतिवेदन **प्रदेश सभा सार्वजनिक लेखा समिति समक्ष** पेश गर्नु पर्नेछ भन्ने प्रावधान रहेको छ।

## ३. समितिबाट तेस्रो त्रैमासिक अवधिमा भएका निर्णय र सोको कार्यान्वयन अवस्था

आ.व.२०८१/८२ को तेस्रो त्रैमासिक (पुष-चैत्र) अवधिमा **२०८१ फाल्गुन १२ गते** बेरुजु फस्यौंट अनुगमन समितको बैठक बसेको छ। समितिको बैठकमा भएका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था देहायअनुसार उल्लेख गरिएको छः-

**मिति २०८०/११/१२ गते बसेको बेरुजु फस्यौंट अनुगमन समितिको बैठकका निर्णयहरुः-**

<u>निर्णय नं.१</u> मिति २०८१ श्रावण १३ र ३० गतेको बैठकको निर्णय अनुसार कार्यान्वयन गर्न बाँकी रहेका देहायका विषय कार्यान्वयन गर्ने, गराउनेः-

- ✓ सबै निकायले आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवम् **अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा** औल्याएका बेरुजुको समयमै फस्यौंट गरी जवाफ तथा प्रतिक्रिया पठाउने।
- ✓ देहाय अनुसारको मन्त्रालय/कार्यालय खारेज हुँदाको बेरुजुको लगत अद्यावधिक गरी कागजात जिम्मा लिने सम्बन्धित मन्त्रालय/कार्यालयले फस्यौंट गर्ने, गराउने।
  - ➢ उद्योग, श्रम तथा रोजगार मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय,
  - ➢ उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
  - ➢ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

- ➢ यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय र यातायात व्यवस्था निर्देशनालय,
- ➢ प्रादेशिक विशेष सडक आयोजना कार्यालय, कोशी रिफ्रेशमेन्ट सेन्टर आयोजना कार्यालय, रेसम/वागवानी विकास कार्यालय आदि।

- ✓ मन्त्रालय/निकाय र कार्यालयहरुले लगत तयार गरेको बेरुजुको विवरणमा महालेखापरीक्षकको लगतसँग भिडान तथा रुजु गर्ने, गराउने। सबै निकायको बेरुजुको लगत तथा फस्यौंटको अद्यावधिक विवरण बेरुजु पोर्टलमा प्रविष्ट गर्ने, गराउने।
- ✓ सबै मन्त्रालय/निकायमा **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति**को बैठक मासिक रुपमा बसी बेरुजु फस्यौंटको कार्यलाई प्राथमिकताका साथ अघि बढाउने। मन्त्रालयले मातहत निर्देशनालय/कार्यालयलाई बेरुजु फस्यौंट कार्यमा सक्रिय बनाउने र नियमित अनुगमन गर्ने।
- ✓ **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS)** बाट सबै मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको एकीकृत विवरण प्राप्त गर्ने व्यवस्था मिलाइदिन महालेखापरीक्षकको कार्यालयलाई पुनः अनुरोध गर्ने।

<u>कार्यान्वयनको अवस्थाः-</u>

- समितिको बैठकको निर्णय नं.१ र २ को विषय कार्यान्वयनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.८४९ मिति २०८१/११/१९ गते सबै मन्त्रालय/निकायमा पत्र पठाइएको। सो अनुसार कार्यान्वयनको प्रगति विवरण समेत माग गरिएको छ।
- मन्त्रालयहरुबाट प्राप्त प्रगति विवरण अनुसार प्रारम्भिक प्रतिवेदनमा जवाफ तथा प्रतिकृया पठाइएको र प्रतिकृयाबाट बेरुजु हटेको समेतको विवरण प्राप्त भएको छ।
- विगतमा खारेज भएका मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको लगत अद्यावधिक गर्ने कार्य भईरहेको। खारेज भएका निकायको NAMS को आइडि, पासवर्ड हालको मन्त्रालय/कार्यालयसँग उपलब्ध नभएको जानकारी प्राप्त भएको छ।
- मन्त्रालय/निकाय र कार्यालयहरुले लगत तयार गरेको बेरुजुको विवरणमा महालेखापरीक्षकको लगतसँग भिडान तथा रुजु गर्ने, गराउने कार्य भईरहेको छ। लगत भिडान नभएका वा हिसाब फरक परेको विवरण तल तालिका-६ मा प्रस्तुत गरिएको छ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको बेरुजु पोर्टलमा सबै मन्त्रालय/कार्यालयको बेरुजुको लगत तथा फस्यौंटको अद्यावधिक विवरण प्रविष्ट भएको छैन। केही मन्त्रालयहरुले मातहत कार्यालयलाई पोर्टलमा प्रविष्ट गर्न परिपत्र गरिएको भनी जानकारी प्राप्त भएको छ।
- खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय बाहेक अरु मन्त्रालय/निकायको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक नियमित रुपमा बसेको देखिएन। कतिपय

मन्त्रालय/निकायको हालसम्म एकपटक पनि बैठक नभएको भनी जानकारी प्राप्त भएको छ।

- मातहत निर्देशनालय/कार्यालयलाई बेरुजु फस्यौंट कार्यमा सक्रिय बनाउने र नियमित अनुगमन गर्नका लागि अधिकांश मन्त्रालयले समीक्षा गोष्ठीमा, बैठकमा र परिपत्र गरेर मातहत कार्यालयलाई निर्देशन दिएको भनी विवरण प्राप्त भएको छ। बेरुजु फस्यौंटको सन्दर्भमा केही मन्त्रालयले मातहत कार्यालयको निरीक्षण गरिएको र बेरुजु फस्यौंटको गोष्ठी गरिएको भनी जानकारी प्राप्त भएको छ।
- निर्णय कार्यान्वयनको मन्त्रालयगत प्रगति विवरण तल तालिका-१ मा उल्लेख गरिएको छ।
- महालेखा परीक्षकको कार्यालयलाई च.नं.८५१ मिति २०८१/११/१९ गते NAMS मा आवश्यक व्यवस्था गरिदिने सम्बन्धी पत्र पठाइएको छ।

<u>निर्णय नं.२</u> सार्वजनिक लेखा समितिको **पाँचौं वार्षिक प्रतिवेदन, २०८१** अनुसार बेरुजुको लगतबाट हटाउनु पर्ने विषय कार्यान्वयन अवस्थाको अनुगमन गर्ने।

<u>कार्यान्वयनको अवस्थाः-</u>

- महालेखापरीक्षकबाट पेश भएको कोशी प्रदेशको वार्षिक प्रतिवेदनहरुमा छलफल भई कोशी प्रदेश सभा सार्वजनिक लेखा समितिको प्रतिवेदन कार्यान्वयनका लागि सबै मन्त्रालय/निकायमा प्राप्त भएको। सो मध्ये बेरुजु लगतबाट हटाउन महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्ने र सैद्धान्तिक बेरुजुको विषयमा आवश्यक कार्यान्वयन गर्नु पर्नेमा सो भए नभएको विषयमा अनुगमन गर्ने निर्णय भएकोमा अधिकांश मन्त्रालय/निकायको लगती बेरुजु नभएको जानकारी प्राप्त भएको छ। लगती बेरुजु भएको मध्ये उद्योग कृषि तथा सहकारी मन्त्रालयको लगतबाट हटाउनु पर्ने विषयमा महालेखा परीक्षकको कार्यालयबाट पत्र प्राप्त भएको, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट लगत हटाउने कार्य अगाडि बढेको तर कार्य हुन बाँकी रहेको भनी उल्लेख रहेको छ।
- थप विवरण तालिका-१ मा उल्लेख गरिएको छ।

पुनश्चः- समितिको निर्णयको बुँदा नं.१ र २ को विषय कार्यान्वयनको प्रगति विवरण, बेरुजु फस्यौंट सम्बन्धी कार्यहरु र बेरुजुको अद्यावधिक लगत समेतको विवरण माग गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेशका सबै मन्त्रालय/निकायमा मिति २०८१/०१/१२ र २०८१/०१/२५ मा पत्राचार गरिएको।

कोशी प्रदेश सभा सचिवालय, स्वास्थ्य मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालयबाट बेरुजु

लगतको विवरण मात्र प्राप्त भएको छ, तर समितिको निर्णय कार्यान्वयनको प्रगति प्राप्त भएको छैन।

<u>निर्णय नं.३</u> सबै मन्त्रालय/निकायबाट बेरुजु फर्स्यौटको अद्यावधिक विवरण माग गरी सार्वजनिक लेखा समितिमा पेश गरिने अर्धवार्षिक प्रतिवेदन तयार गर्ने।

<u>कार्यान्वयनको अवस्थाः-</u> बेरुजुको अद्यावधिक विवरण तथा बेरुजु फर्स्यौट अनुगमन समितिबाट सम्पादित कार्यहरुको अर्धवार्षिक प्रतिवेदन (आ.व.२०८१/८२ श्रावण-पुषसम्मको) तयार गरी मिति २०८१/११/२९ गते कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पठाइएको छ।

<u>निर्णय नं.४</u> आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसारको बेरुजु फर्स्यौट स्थितिको अभिलेख देखिने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विवरण तयार गर्ने।

<u>कार्यान्वयनको अवस्थाः-</u> निर्णय कार्यान्वयनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयलाई च.नं.८५० मिति २०८१/११/१९ मा पत्र पठाइएको छ। बेरुजु पोर्टलमा आन्तरिक लेखापरीक्षणको बेरुजु समेत प्रविष्ट गर्ने व्यवस्था मिलाइएको छ।

<u>निर्णय नं.५</u> सरकारी बाँकीको रुपमा बेरुजु असुल उपर गर्न मन्त्रालय/निकायबाट लगत प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले कानून बमोजिमको प्रक्रिया अघि बढाउने।

<u>कार्यान्वयनको अवस्थाः-</u> निर्णय कार्यान्वयनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयलाई च.नं.८५० मिति २०८१/११/१९ मा पत्र पठाइएको छ। सरकारी बाँकी सरह बेरुजु असुल उपर गर्नका लागि कुनै पनि मन्त्रालय/निकायबाट हालसम्म विवरण प्राप्त भएको छैन।

<u>निर्णय नं.६</u> सबै मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख सहितको उपस्थितिमा २०८१ फाल्गुनको अन्तिम हप्तामा बेरुजु फर्स्यौट सम्बन्धी छलफल तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

<u>कार्यान्वयनको अवस्थाः-</u> २०८१ फाल्गुन २८ गते अनलाईन (भर्च्युअल) माध्यमबाट भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र मातहतका कार्यालयहरुलाई बेरुजु फर्स्यौट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। कार्यव्यस्तताको कारण लेखाउत्तरदायी अधिकृत (प्रदेश सचिवज्यूहरु)सँग छलफल तथा अभिमुखीकरण गर्न बाँकी रहेको।

तालिका-१ मन्त्रालय/निकायबाट तेस्रो त्रैमासिक (२०८१ पुष-चैत्र महिना) अवधिमा भएको बेरुजु फस्यौंट सम्बन्धी कार्यहरु र समितिको मिति २०८१/११/१२ गतेको निर्णय कार्यान्वयनको प्रगति विवरण

| क्र.सं. | मन्त्रालय/निकायको नाम | जवाफ तथा प्रतिकृया पठाउने | खारेज भएका निकायको बेरुजु फस्यौंट गर्ने | बेरुजु लगत भिडाउने कार्य | बेरुजु पोर्टलमा प्रविष्टि | ले. तथा आन्तरिक नियन्त्रण समितिको बैठक | मातहतको बेरुजु फस्यौंट अनुगमन | सार्वजनिक लेखा समितिको प्रतिवेदन कार्यान्वयन |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्य भएको | खारेज नभएको | लगत भिडाउने कार्य भएको | अद्यावधिक भएको | बैठक नबसेको। प्राथमिकता दिएको | सक्रिय बनाउने कार्य गरेको | अनुगमन गर्ने कार्य भएको। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | भएको | निकाय खारेज नभएको | कार्य भईरहेको | भएको | बैठक नभएको | भएको (प्र.ले.इ.का सुनसरीको) | लगती बेरुजु नरहेको। कार्ययोजना तयारी भईरहेको। |
| ३. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | भएको | लगत अद्यावधिक कार्य भईरहेको | कार्य भईरहेको | पत्राचार गरिएको | मासिक रुपमा बैठक बसेको। | अनुगमन नभएको। पत्राचार भएको | म.ले.प.बाट लगत कट्टाको पत्र प्राप्त भएको। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भएको | अद्यावधिकका लागि समन्वय गरिरहेको | भिडान रुजु गर्ने कार्य भएको | भएको | प्राथमिकता साथ अघि बढाएको | सक्रिय अनुगमन गरिरहेको | कार्य अघि बढाएको तर हुन बाँकी रहेको। |
| ५. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | भएको | | लगत अद्यावधिक गरिएको | | ३ पटक बैठक बसेको (माघ ७, फागुन २१ र चैत्र १४ गते) | ७ वटा कार्यालयको अनुगमन भएको | म.ले.प.मा (NAMS मार्फत) पेश गरिएको। |
| ६. | सामाजिक विकास मन्त्रालय | भएको। रु.१९ लाख ५९ हजार प्रतिकृयाबाट हटेको | कुनै कार्यालय खारेज नभएको | कार्य भईरहेको | भएको। मातहतलाई पनि निर्देशन दिएको। | बेरुजु फस्यौंटलाई प्राथमिकता साथ कार्य अघि बढाइएको। | बेरुजु फस्यौंट गर्न प्रत्येक मासिक बैठकमा निर्देशन दिइएको | लगती बेरुजु नभएको। प्रतिवेदन कार्यान्वयन गर्न मातहतलाई निर्देशन भएको। |

*स्रोतः सम्बन्धित मन्त्रालय/निकायबाट प्राप्त विवरण अनुसार तयार गरिएको।*

## ४. कोशी प्रदेशको बेरुजुको विवरण र फस्यौंटको अवस्था

### (क) महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अनुसार बेरुजुको विवरण

कोशी प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, समिति तथा अन्य संस्थाको आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ सम्मको अन्तिम लेखापरीक्षणको बेरुजूमध्ये फछ्र्यौट तथा सम्परीक्षण गरी रु.५ अर्ब ४० करोड ६ लाख बाँकी बेरुजु कायम रहेको छ। बाँकी बेरुजु मध्ये **रु.३ अर्ब ७६ करोड ३३ लाख** (६९.६%) पेश्की बेरुजु रहेको छ।

<u>तालिका-२ कोशी प्रदेशको अन्तिम लेखापरीक्षण बेरुजुको विवरण</u>

रकम रु.लाखमा

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सो आ.व.को बेरुजु | २२३ | १६७३९ | १२६५२ | १६२८६ | १६४६३ | १३१७६ | ८६८२ | ८४२२१ |
| बेरुजु (प्रतिशतमा) | ३.४% | ४.८% | २.८% | ३.६% | ३.४% | २.५% | १.६९% | |
| फस्यौंट/लगत कट्टा | - | १ | ४४७० | ३३९५ | ४८६२ | ७००६ | १०४८० | ३०२१५ |
| बाँकी बेरुजुको फस्यौंट प्रतिशत | - | ०.७% | २६.४% | १३.५% | १२.८% | १४.१% | १८.७% | |
| सो आ.व.सम्मको बाँकी बेरुजु | २२३ | १६९६१ | २५१४३ | ३८०३३ | ४९६३४ | ५५८०४ | ५४००६ | |

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

कोशी प्रदेशको ७ वटा आर्थिक वर्षको लेखापरीक्षणमा जम्मा रु.८ अर्ब ४२ करोड २१ लाख बेरुजु रहेकोमा रु.३ अर्ब २ करोड १५ लाख फस्यौंट भई रु.५ अर्ब ४० करोड ६ लाख बाँकी रहेको छ।

**तालिका-३ पेश्की बेरुजुको विवरण (म्याद नाघेको पेश्की बाँकी)** **रु.हजारमा**

| आ.व./विवरण | गत वर्षसम्मको कुल बाँकी | यो वर्षको फस्यौंट | फस्यौंट प्रगति | गत वर्षसम्मको बाँकी (कायम) | यस वर्ष थप |
|---|---|---|---|---|---|
| २०७५/७६ | | | | | ९०४४०७ |
| २०७६/७७ | ९०४४०७ | २४२७९५ | २६.८% | ६६१६१२ | २९५५८७९ |
| २०७७/७८ | ३६१७४९१ | १९८९१७ | ५.५% | ३४१६५६६ | १४६७९३ |
| २०७८/७९ | ३५६४७६७ | ११९८१ | ०.३% | ३५५२७८६ | ११९७७१ |
| २०७९/८० | ३६७२५५७ | ३७९९१ | १.०% | ३६३४५६६ | ७६४२३ |
| २०८०/८१ | ३७१०९८९ | ५१२९६ | १.४% | ३६५९६९३ | १०३६४९ |
| जम्मा | | ५४२९८० | १२.६% | | ४३०६९२२ |

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

## (ख) मन्त्रालय/निकायहरुबाट प्राप्त भए अनुसार बेरुजुको विवरण

प्रदेशका सबै मन्त्रालय/निकायबाट प्राप्त विवरण अनुसार आ.व.२०७४/७५ देखि आ.व.२०७९/८० सम्म प्रदेशका मन्त्रालय/निकाय र मातहतका निर्देशनालय र कार्यालयहरुको हालसम्मको **बेरुजु रु.९ अर्ब ७६ करोड ४६ लाख ७४ हजारको** लगत रहेको छ। महालेखापरीक्षकको प्रतिवेदन अनुसार यस अवधिमा कोशी प्रदेशको बेरुजु रु.७ अर्ब ५५ करोड ३९ लाख रकमको लगत रहेको छ। मलेपको लगत र कार्यालय/मन्त्रालयको अभिलेखमा रु.२ अर्ब २१ करोड ८ लाखको फरक परेको देखिन्छ।

तालिका-४ कोशी प्रदेशका मन्त्रालयगत (मातहत कार्यालय समेतको) बेरुजुको हालसम्मको विवरण

रकम रु.हजारमा

| क्र.सं. | मन्त्रालय/निकायको नाम | जम्मा बेरुजु | फस्यौंट | बाँकी बेरुजु | |
|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश सभा सचिवालय | २७५९९ | २१८८ | २५४११ | |
| २. | प्रदेश लोक सेवा आयोग | २०१६ | १२४ | १८९२ | |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १०८५ | ६७६ | ४०९ | |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४७०८५ | ९४१२७ | ५२९५८ | |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०४२४ | ३७२४ | ६७०० | |
| ६. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ५१८२१० | १३५५७ | ५०४६५३ | |
| ७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०९३४८ | ८४९५२ | १२४३९६ | |
| ८. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | १५९९९४७ | ५६९२५९ | १०३०२३८ | |
| ९. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५८४२४८ | ७६२३१ | ५०८०१७ | |
| १०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५८७०९२८ | ४१२०३६० | १७५०५६८ | |
| ११. | सामाजिक विकास मन्त्रालय | ३०९५३४ | १६९७९६ | १३९७३८ | |
| १२. | स्वास्थ्य मन्त्रालय | ४८१८५९ | १०००२६ | ३८१८३३ | |
| १३. | प्रदेश योजना आयोग | २३९२ | ८१७ | १५७५ | |
| | **जम्मा** | **९७६४६७४** | **५२३५८३७** | **४५२८३८८** | |

स्रोतः प्रदेशका सम्बन्धित मन्त्रालय/निकायहरु

कतिपय कार्यालय/मन्त्रालयले प्रारम्भिक प्रतिवेदनबाट फस्यौंट भईसकेकोलाई पनि लगत कायम गरी अभिलेख राखेको हुँदा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको लगतसँग फरक परेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व.२०७७/७८ अघिको विवरणमा यातायात कार्यालय तर्फको विवरण समावेश भएको छैन। मन्त्रालयगत बेरुजुको थप विवरण अनुसूचीमा संलग्न रहेको छ।

## (ग) बेरुजु फस्यौंटको मन्त्रालयगत प्रगति विवरण

कोशी प्रदेशका मन्त्रालय/निकाय र मातहतका कार्यालय समेतको गरी रु.४ अर्ब १० करोड ४८ लाख ३४ हजार बेरुजु फस्यौंटको विवरण समितिको २०८१/८२ को अर्धवार्षिक प्रतिवेदनमा उल्लेख भएको

छ। तेस्रो त्रैमासिक प्रतिवेदन तयारीका लागि अद्यावधिक विवरण संकलन गर्दा २०८१ माघ देखि चैत्रसम्मको अवधिमा जम्मा रु.१ अर्ब १४ करोड ५७ लाख ८५ हजार बेरुजु फस्यौंट भएको देखिन्छ।

**तालिका -५ बेरुजु फस्यौंटको मन्त्रालय/निकायगत प्रगति विवरण**

रकम रु. हजारमा

| क्र.सं. | मन्त्रालय/निकायको नाम | २०८१ पौषसम्म फस्यौंट (अर्धवार्षिक प्रतिवेदनसम्म) | २०८१ चैत्रसम्म फस्यौंट (तेस्रो त्रैमासिक प्रतिवेदनसम्म) | फस्यौंट प्रगति (पौष-चैत्र) | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश सभा सचिवालय | २१८८ | २१८८ | ० | |
| २. | प्रदेश लोक सेवा आयोग | १२४ | १२४ | ० | |
| ३. | मुख्यन्यायाधिवक्ताको कार्यालय | ६३६ | ६७६ | ४० | |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८०२१ | ९४१२७ | ८६१०६ | |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५६१ | ३७२४ | १६३ | |
| ६. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १३५५८ | १३५५८ | ० | |
| ७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९९५४४ | ८४९५२ | | विवरण फरक परेको। |
| ८. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५१२४७४ | ५६९२५९ | ५६७८५ | |
| ९. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५०१११ | ७६२३१ | २६१२० | |
| १०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३१८७४९५ | ४१२०३५९ | ९३२८६४ | |
| ११. | सामाजिक विकास मन्त्रालय | १५५८६४ | १६९७९६ | १३९३२ | |
| १२. | स्वास्थ्य मन्त्रालय | ७०२५१ | १०००२६ | २९७७५ | |
| १३. | प्रदेश योजना आयोग | १००७ | ८१७ | | विवरण फरक परेको। |
| | **जम्मा** | ४१०४८३४ | ५२३५८३७ | ११४५७८५ | |

स्रोतः प्रदेशका सम्बन्धित मन्त्रालय/निकायहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश योजना आयोगबाट प्राप्त पछिल्लो विवरणमा अघिल्लो अवधिको भन्दा कम फस्यौंट भएको विवरण प्राप्त भएको छ।

### (घ) मन्त्रालय/कार्यालयको अभिलेख र म.ले.प.को वार्षिक प्रतिवेदन अनुसारको बेरुजुको हिसाब भिडान

**तालिका-६ बेरुजु लगत भिडान विवरण**

(अ) आ.व.२०७६/७७ (रकम रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | मन्त्रालय/निकायको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| १. | कोशी प्रदेश सभा सचिवालय | २३४०३ | २४५२५ | -११२२ |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४३०४ | ४६२७ | -३२३ |

## (आ) साविकमा उद्योग, पर्यटन, वन र कृषि क्षेत्र हेर्ने मन्त्रालयहरुको बेरुजु लगत भिडान

आ.व.२०७५/७६ (रकम रु.हजारमा)

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | १३२३७७ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १०५६६१ | |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ७३५७९ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ७९२७८ | |
| **जम्मा** | **२०५९५६** | **जम्मा** | **१८४९३९** | **२१०१७** |

आ.व.२०७६/७७

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | १४०१६४ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३६५२७ | |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५९८७० | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ४९२८० | |
| **जम्मा** | **२०००३४** | **जम्मा** | **१८५८०७** | **१४२२७** |

आ.व. २०७७/७८

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | १४००७२ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३७६२४ | |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १७१४५६ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १४११५६ | |
| **जम्मा** | **३११५२८** | **जम्मा** | **२७८७८०** | **३२७४८** |

आ.व. २०७८/७९

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| उद्योग, श्रम तथा रोजगार मन्त्रालय | ४५४२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २२५५५३ | |
| कृषि मन्त्रालय | २२८३४९ | | | |
| भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय | २२३ | | | |
| **जम्मा** | **२३३११४** | **जम्मा** | **२२५५२३** | **७५९१** |

## (इ) भौतिक पूर्वाधार विकास र खानेपानी, सिंचाई कार्यालयहरु समेतको बेरुजुको लगत भिडान

आ.व.२०७५/७६ (रकम रु.हजारमा)

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १०१९२०२ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७४६३१८ | |
| | | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | २८१३६४ | |
| **जम्मा** | **१०१९२०२** | **जम्मा** | **१०२७६८२** | **-८४८०** |

आ.व.२०७६/७७

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ७६२२५४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९८४२७७ | |
| | | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ३०७०२४ | |
| **जम्मा** | **७६२२५४** | **जम्मा** | **३२९१३०१** | **-२५२९०४७** |

आ.व.२०७७/७८

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १०५३०१९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८९२८०९ | |
| | | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | २८५४९० | |
| **जम्मा** | **१०५३०१९** | **जम्मा** | **११७८२९९** | **-१२५२८०** |

## (ई) स्वास्थ्य कार्यालय, अस्पताल र सामाजिक विकास मन्त्रालयतर्फको बेरुजु लगत भिडान

आ.व.२०७५/७६ (रकम रु.हजारमा)

| साविक मन्त्रालयको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | हालको मन्त्रालयको नाम | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | ४०३२८४ | सामाजिक विकास मन्त्रालय | ३०३११ | |
| अस्पताल समिति तर्फ | ४९४७ | स्वास्थ्य मन्त्रालय | २२४६२ | |
| **जम्मा** | **४०८२३१** | **जम्मा** | **५२७७३** | **३५५४५८** |
| आ.व.२०७६/७७ | | | | |
| सामाजिक विकास मन्त्रालय | २३२९२१ | सामाजिक विकास मन्त्रालय | १७७८२४ | |
| अस्पताल समिति तर्फ | ६२२९ | स्वास्थ्य मन्त्रालय | ७५८६४ | |
| **जम्मा** | **२३९१५०** | **जम्मा** | **२५३६८८** | **-१४५३८** |

| आ.व.२०७७/७८ | | | | |
|---|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | १०१६७० | सामाजिक विकास मन्त्रालय | १५१४४ | |
| अस्पताल समिति तर्फ | ५४९४८ | स्वास्थ्य मन्त्रालय | १३०२८९ | |
| **जम्मा** | **१५६६१८** | **जम्मा** | **१४५४३३** | **१११८५** |

## (उ) आ.व.२०७८/७९ (म.ले.प. वार्षिक प्रतिवेदन र मन्त्रालयको अभिलेख अनुसार बेरुजु लगत भिडान)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| १. | पर्यटन, वन तथा वातावरण मन्त्रालय (साविक पर्यटन मन्त्रालय र वन मन्त्रालय दुवैको जोडेर) | १००९३६ | ११२८२१ | -११८८५ |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४९६२७० | ५००६१० | -४३४० |
| ३. | सामाजिक विकास मन्त्रालय (मनमोहन प्राविधिक विश्वविद्यालयको समेत) | ६०६९७ | ६९०५१ | -८३५४ |
| ४. | स्वास्थ्य मन्त्रालय (अस्पताल व्य.समितिको समेत) | १७६१४४ | १२०२६८ | ५५८७६ |

## (ऊ) आ.व.२०७९/८० (म.ले.प. वार्षिक प्रतिवेदन र मन्त्रालयको अभिलेख अनुसार बेरुजु लगत भिडान)

**(रकम रु.हजारमा)**

| क्र.सं. | मन्त्रालय/निकायको नाम | म.ले.प. वार्षिक प्रतिवेदनको लगत | मन्त्रालयको अभिलेख/लगत | फरक (घटी +/ बढी -) |
|---|---|---|---|---|
| १. | कोशी प्रदेश सभा सचिवालय | ९२८ | १०८० | -१५२ |
| २. | प्रदेश लोक सेवा आयोग | ९१३ | ९१३ | ० |
| ३. | मुख्यन्यायाधिवक्ताको कार्यालय | १५० | १५० | ० |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रतिष्ठान र प्राधिकरणको समेत) | ४१६१० | ४१६१० | ० |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३४० | १३४० | ० |
| ६. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २१२६५ | २०१६८ | १०९७ |
| ७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २१८५७ | २१८५७ | ० |
| ८. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | २६२७५२ | २६५२०१ | -२४४९ |
| ९. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६४०४१ | ७४२०० | -१०१५९ |
| १०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७५३३९१ | ७४६९१२ | ६४७९ |
| ११. | सामाजिक विकास मन्त्रालय (बोर्ड र विश्वविद्यालय समेतको) | १६००४ | १७०३१ | -१०२७ |
| १२. | स्वास्थ्य मन्त्रालय (समितिको समेत) | १३३१२१ | १३२९७४ | १४७ |
| १३. | प्रदेश योजना आयोग | २३८ | २३८ | ० |
| **जम्मा** | | **१३१७६१०** | **१३२३६७४** | **-६०६४** |

## ५. बेरुजु फस्यौंट कार्यमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु

- सबै कार्यालयको बेरुजुको विवरण/लगत तयारी र अद्यावधिक नभएको। बेरुजुको यथार्थपरक विवरण तयार हुन नसकेको।
- महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनको विवरण र मन्त्रालय/कार्यालयबाट प्राप्त विवरणमा बेरुजुको लगत फरक परेको। प्रारम्भिक प्रतिकृयाबाट हटिसकेको बेरुजुलाई कार्यालयहरुमा पुनः लगत राख्ने गरिएको हुँदा लगत बढी देखिएको र काममा दोहोरोपन भएको।
- महालेखापरीक्षकको (कोशी प्रदेशको) सातौं प्रतिवेदन अनुसार कायम बेरुजुको ६९.३ प्रतिशत म्याद नाघेको पेश्की बाँकी बेरुजु रहेको। पेश्की बेरुजु फस्यौंट कार्य प्रगति न्यून रहको।
- कतिपय ठेक्काको म्याद थप गर्दा पेश्की जमानतको म्याद थप नहुने समस्या रहेको। कार्य सम्पन्न भईसकेपछि पेश्की बेरुजु फस्यौंटको कार्य नगर्दा बेरुजु कायमै रहेको।
- मन्त्रालय/कार्यालय विभाजन हुँदा वा गाभिँदाको बेरुजुको लगत अद्यावधिक र फस्यौंटको कार्य प्रभावकारी रुपमा हुन नसकेको।
- कतिपय निकायबाट कागजात पेश गर्दा पनि महालेखापरीक्षकको कार्यालयबाट बेरुजु सम्परीक्षण तथा लगत कट्टा नभएको,
- साविक कार्यालयको २०७४/७५ अघिको बाँकी बेरुजुको लगत अद्यावधिक र फस्यौंट गर्न संघीय निकायसँग समन्वय प्रभावकारी नभएको,
- बेरुजु फस्यौंट सम्बन्धी कार्य गर्न सबै निकायको सक्रियता नदेखिएको। सबै निकायको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको गठन र बैठक नियमित रुपमा नभएको।
- बेरुजु फस्यौंटको प्रभावकारी अनुगमनको अभाव रहेको,
- दण्ड र पुरस्कारको व्यवस्था कार्यान्वयन नभएको,
- बेरुजुको सम्बन्धमा आर्थिक कारोबारमा संलग्न साविकका सम्बन्धित जिम्मेवार पदाधिकारीलाई जवाफदेही र उत्तरदायी बनाउन नसकिएको,
- सबै निकायको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नभएको। आ.ले.प. गर्ने कर्मचारी अभाव रहेको। आलेप प्रतिवेदन अनुसारको बेरुजु लगत राखी फस्यौंट नभएको।
- बेरुजुको अद्यावधिक लगत सहित प्रगति विवरण माग गर्दा सबै मन्त्रालय/निकायबाट समयमै प्राप्त हुन नसकेको आदि।

## ६. बेरुजु फस्यौंटलाई प्रभावकारी बनाउन आगामी दिनमा गर्नुपर्ने कार्यहरु

- सबै मन्त्रालय/कार्यालयको बेरुजुको विवरण त्रैमासिक रुपमा अद्यावधिक गर्नुपर्ने र बेरुजु पोर्टलमा विवरण प्रविष्ट र अद्यावधिक गर्नु, गराउनु पर्ने।

- आ.व.२०७६/७७ को लेखापरीक्षण प्रतिवेदन अनुसार म्याद नाघेको पेश्की बाँकी (२ अर्ब ९५ करोड) बेरुजुलाई समयमै फस्यौंट गर्न अभियान सञ्चालन गर्नुपर्ने।
- म.ले.प/NAMS को बेरुजु लगत अनुसार सबै कार्यालयको लगत अद्यावधिक र एकीकृत गर्नुपर्ने। NAMS मा समावेश नभएको (२०७६/७७ अघिको) बेरुजुको लगत महालेखापरीक्षकको कार्यालयसँग प्रतिलिपि माग गर्न उपयुक्त हुने।
- प्रचलित कानून र बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० अनुसार बेरुजु फस्यौंट सम्बन्धी कार्य भए, नभएको नियमित रुपमा अनुगमन गर्नुपर्ने।
- महालेखापरीक्षकको कार्यालयमा पठाइएको वा NAMS मा प्रविष्ट गरिएको बेरुजु लगतकट्टा तथा सम्परीक्षण समयमै गरिदिन महालेखापरीक्षकको कार्यालयमा अनुरोध/पहल गर्नुपर्ने।
- बढी बेरुजु भएका र कम फस्यौंट गर्ने मन्त्रालयका लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिलाई यस समितिमा बोलाई छलफल गर्नु पर्ने। बेरुजु फस्यौंट नगर्नेलाई ऐन बमोजिम कारबाहीको प्रक्रिया अघि बढाउन निर्देशन दिनुपर्ने।
- बेरुजु शुन्य भएका र बेरुजु फस्यौंटमा उत्कृष्ट नतिजा हासिल गर्ने कार्यालयलाई बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० अनुसार पुरस्कृत गर्नुपर्ने।
- आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने गरी छलफल तथा अन्तरक्रिया गर्नुपर्ने। सबै निकायको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३४ अनुसार **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति**को बैठक कम्तीमा महिनाको एकपटक बसी मन्त्रालय/निकाय र मातहत कार्यालयको बेरुजु फस्यौंट र अनुगमन सम्बन्धी कार्य नियमित रुपमा गरे नगरेको समितिबाट अनुगमन गर्नुपर्ने।
- बेरुजु हुने गरी आर्थिक कारोबार गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्ने। प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गर्नेलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५९ अनुसार सजाय (जरिवाना र विभागीय कारबाही) गर्नुपर्ने।
- प्रदेश सरकार स्थापना हुनुभन्दा अघि आफ्नो कार्यालयको वा आफूले कागजात जिम्मा लिएका साविकका कार्यालयको बेरुजु फस्यौंट गर्नका लागि संघीय विभाग/मन्त्रालयसँग समन्वय गर्नुपर्ने।
- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट सबै मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको लगत र फस्यौंटको अद्यावधिक विवरण (एकीकृत रिपोर्ट) हेर्न मिल्ने गरी र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा जवाफ, प्रतिक्रिया एवम् लगत कट्टाको लागि प्रणालीबाटै पठाउने व्यवस्था मिलाईदिन महालेखा परीक्षकको कार्यालयसँग पहल गर्नुपर्ने।

अनुसूचीः-

अद्यावधिक मिति २०८२/०२/०७

## कोशी प्रदेशका मन्त्रालय/निकाय र मातहत कार्यालय समेतको बेरुजुको अद्यावधिक विवरण (मन्त्रालय/निकायबाट प्राप्त विवरण अनुसार)

(नोटः- आ.व.२०७४/७५ देखि आ.व.२०७८/७९ सम्म साविकमा केही मन्त्रालयहरुको नाम फरक रहेता पनि हाल कायम रहेका मन्त्रालयको नाम अनुसार बेरुजुको विवरण तयार गरिएको छ।)

### आ.व.२०७४/७५

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्योंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३३ | | | ३३ | ३३ | | | ३३ | ० |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | २१९२ | | २१९२ | | २१९२ | | २१९२ | ० |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ० | १७४१५ | | १७४१५ | | | | ० | १७४१५ |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २६६० | १४५ | | २८०५ | | | | ० | २८०५ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ४२ | १४ | ११६ | १७२ | ४२ | १४ | ११६ | १७२ | ० |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ४९ | | ४९ | ० | ४९ | | ४९ | ० |
| | जम्मा | २७३५ | १९८१५ | ११६ | २२६६६ | ७५ | २२५५ | ११६ | २४४६ | २०२२० |

### आ.व.२०७५/७६

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्योंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की | जम्मा | |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | ४०५४७ | ४०५४७ | | | | ० | ४०५४७ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४९४८ | ९८८९४ | १८१९ | १०५६६१ | ३४९५ | ५२७ | २० | ४०४२ | १०१६१९ |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ३०२१ | २६३७१ | ४९८८६ | ७९२७८ | | | | ० | ७९२७८ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ११३६० | १४२०४९ | १२७९५५ | २८१३६४ | ४५०० | ८०१५७ | ७८२१० | १६२८६७ | ११८४९७ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १२९९ | १२३०१८ | ६२२००२ | ७४६३१९ | ६४७ | २५८९३ | ५९९६४९ | ६२६१८९ | १२०१२९.६ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ७८०१ | २०३१४ | २१९६ | ३०३११ | ० | ० | २१९६ | २१९६ | २८११५ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ४५७० | १७५८७ | ३०५ | २२४६३ | ३६९ | २७२१ | १०५ | ३१९५ | १९२६७ |
| | जम्मा | ३२९९९ | ४२८२३३ | ८४४७१० | १३०५९४२ | ९०११ | १०९२९८ | ६८०१८० | ७९८४८९ | ५०७४५३ |

आ.व.२०७६/७७

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्योंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| २०२ | कोशी प्रदेश सभा सचिवालय | १५७८ | २२९४७ | | २४५२५ | ४२५ | १७६३ | | २१८८ | २२३३७ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०९४ | १३१७५ | | १४२६९ | | ७९४८ | | ७९४८ | ६३२१ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८७२ | २७५५ | | ४६२७ | ३६५ | २५४० | | २९०५ | १७२२ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ५८६१ | १३९१३ | १९७७४ | | ५०० | १०००० | १०५०० | ९२७४ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७२९८ | १२७८८२ | १३४७ | १३६५२७ | १०५७ | १२९३७ | ० | १३९९४ | १२२५३३ |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ३३७३७ | १५५४३ | | ४९२८० | ५१८ | ९१७५ | ० | ९६९३ | ३९५८७ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | १२५६६ | २१९३२९ | ७५१२९ | ३०७०२४ | ५६२५ | १२४५२३ | ५१३२४ | १८१४७२ | १२५५५२ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २५३५५ | ७६५५०१ | २१९३४२२ | २९८४२७८ | ७९१२ | ४८५२८५ | २१९३४२२ | २६८६६१९ | २९७६५९ |
| ३५० | सामाजिक विकास मन्त्रालय | २६८६ | १७४६१८ | ५२० | १७७८२४ | १४०३ | १२१६२८ | ५२० | १२३५५१ | ५४२७३ |
| ३७० | स्वास्थ्य मन्त्रालय | २७३३ | ७१८७४ | १२५७ | ७५८६४ | ६४३ | २०१५३ | २५७ | २१०५३ | ५४८११ |
| २१० | प्रदेश लोक सेवा आयोग | १६५ | | | १६५ | | | | ० | १६५ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०४ | २२७ | | ४३१ | | २२७ | | २२७ | २०४ |
| ३९१ | प्रदेश योजना आयोग | ७४९ | ६२४ | | १३७३ | ३८८ | ४२३ | | ८११ | ५६२ |
| | **जम्मा** | ९००३७ | १४२०३३६ | २२८५५८८ | ३७९५९६१ | १८३३६.०३ | ७८७१०२ | २२५५५२३ | ३०६०९६१ | ७३५००० |

आ.व.२०७७/७८

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्योंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| २०२ | कोशी प्रदेश सभा सचिवालय | | ३१२ | | ३१२ | | | | ० | ३१२ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६९ | ३७१२६ | | ३७१९५ | १२ | ३५०५० | | ३५०६२ | २१३३ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११४७ | ५०३ | | १६५० | ९३ | ५०३ | | ५९६ | १०५४ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ७७७८९ | ४७३३ | ८२५२२ | | ६४१६० | ४७०४ | ६८८६४ | १३६५८ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६१७७ | १२०८९५ | १०५५२ | १३७६२४ | १७११ | २४००५ | ९९४४ | ३५६६० | १०१९६४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ७९७२ | १३१७३५ | १४४९ | १४११५६ | १३७ | ८२ | ० | २१९ | १४०९३७ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ४७८५४ | २१०७८२ | २६८५४ | २८५४९० | २०८९९ | ७४०३४ | १३०४९ | १०७९८२ | १७७५०८ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७६०६९ | ५५२७६१ | २६३९७८ | ८९२८०८ | ४४८९ | २३३३६३ | २५८७५९ | ४९६६११ | ३९६१९७ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ४५ | १३५६६ | १५३३ | १५१४४ | ३८ | १०८१५ | ० | १०८५३ | ४२९१ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ५२९६ | ११९०८९ | ५९०४ | १३०२८९.०२ | ३७४ | ४२५५९ | ० | ४२९३३ | ८७३५६.०६ |
| २१० | प्रदेश लोक सेवा आयोग | ३८४ | | | ३८४ | | | | ० | ३८४ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | | ३८८ | | ३८८ | | ३८८ | | ३८८ | ० |
| ३९१ | प्रदेश योजना आयोग | ६ | २३४ | | २४० | ६ | | | ६ | २३४ |
| | **जम्मा** | **१४५०१८** | **१२६५१८१** | **३१५००३** | **१७२५२०२** | **२७७५९** | **४८४९५९** | **२८६४५६** | **७९९१७४** | **९२६०२८** |

**आ.व.२०७८/७९**

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्यौंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| २०२ | कोशी प्रदेश सभा सचिवालय | १६८२ | | | १६८२ | | | | ० | १६८२ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८३३ | ५३१७८ | | ५४०११ | ११ | ५१०५६ | | ५१०६७ | २९४४ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३८९ | १३८५ | | २७७४ | | | | ० | २७७४ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १८९६ | ४०५६० | | ४२४५६ | ५ | २४५ | | २५० | ४२२०६ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६१६९३ | ४३४२४ | ७७०४ | ११२८२१ | २२६४ | ९९४७ | ४४०४ | १६६१५ | ९६२०६ |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १६६२३ | २०८७१५ | १८५ | २२५५२३ | ३२९ | १७१२ | ५९० | २६३१ | २२२८९२ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ७१८७९ | ३६३६४१ | २४८९८ | ४६०४१८ | ८३९३ | ६६६७० | १३०७३ | ८८१३६ | ३७२२८२ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५५१५७ | २५६९५० | ८८५०४ | ५००६११ | १२८४७ | २८३९९ | १८६५९ | ५९९०५ | ४४०७०६ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ५४२३ | ६३५४८ | ८० | ६९०५१ | ३२५५ | २६५५२ | ० | २९८०७ | ३९२४४ |
| ३७० | स्वास्थ्य मन्त्रालय | १२५५१ | १०७३४१ | ३७७ | १२०२६८ | १०३२ | ९८०३ | १३७७ | १२२१२ | १०८०५६ |
| २१० | प्रदेश लोक सेवा आयोग | ५५४ | | | ५५४ | | | | ० | ५५४ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ६७ | | | ६७ | | | | ० | ६७ |
| ३९१ | प्रदेश योजना आयोग | ५४२ | | | ५४२ | | | | ० | ५४२ |
| | **जम्मा** | **३३०२८९** | **११३८७४२** | **१२१७४८** | **१५९०७७८** | **२८१३६** | **१९४३८४** | **३८१०३** | **२६०६२३** | **१३३०१५५** |

आ.व.२०७९/८०

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्यौंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| २०२ | कोशी प्रदेश सभा सचिवालय | ९२८ | १५२ | | १०८० | | | | ० | १०८० |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६५७ | ४०९५३ | | ४१६१० | ९ | ४१ | | ५० | ४१५६० |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११५० | १९० | | १३४० | | १९० | | १९० | ११५० |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५२१ | १९३३६ | | २१८५७ | ३१२ | २८३४ | | ३१४६ | १८७११ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६०४१ | ५७६८६ | ४७३ | ७४२०० | २५२१ | ३१२६ | २७३ | ५९२० | ६८२८० |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ८१४९ | ११९५९ | ६० | २०१६८ | ४६९ | ५४५ | | १०१४ | १९१५४ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ११८०९ | २४२८७६ | १०५१६ | २६५२०१ | ४२५५ | १७२६७ | ७२८० | २८८०२ | २३६३९९ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०१३३६ | ६०६६३३ | ३८९४३ | ७४६९१२ | २५७०८ | २२३८२८ | १५०० | २५१०३६ | ४९५८७६ |
| ३५० | सामाजिक विकास मन्त्रालय | २८१० | ११२८२ | २९३९ | १७०३१ | २२ | २८१२ | ३८३ | ३२१७ | १३८१४ |
| ३७० | स्वास्थ्य मन्त्रालय | १०२१० | १२०११४ | २६५१ | १३२९७५ | २७२३ | १६२८८ | १६२२ | २०६३३ | ११२३४२.३ |
| २१० | प्रदेश लोक सेवा आयोग | ९१३ | | | ९१३ | १२४ | | | १२४ | ७८९ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १५० | | | १५० | १२ | | | १२ | १३८ |
| ३९१ | प्रदेश योजना आयोग | २३७ | | | २३७ | | | | ० | २३७ |
| | **जम्मा** | **१५६९१०.८** | **११११९८१.२७** | **५५५८२** | **१३२३६७४** | **३६१५५** | **२६६९३१** | **११०५७** | **३१४१४३** | **१००९५३१** |

## कोशी प्रदेशको आ.व.२०७४/७५ देखि २०७९/८० सम्मको लेखापरीक्षण बेरुजुको मन्त्रालय/निकायगत विवरण

| संकेत | मन्त्रालय/निकाय | लगत रु.हजारमा | | | | फस्यौंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| २०२ | कोशी प्रदेश सभा सचिवालय | ४१८८ | २३४११ | ० | २७५९९ | ४२५ | १७६३ | ० | २१८८ | २५४११ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २६५३ | १४४४३२ | ० | १४७०८५ | ३२ | ९४०९५ | ० | ९४१२७ | ५२९५८ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५५९१ | ४८३३ | ० | १०४२४ | ४९१ | ३२३३ | ० | ३७२४ | ६७०० |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४४१७ | १४५७३८ | ५९१९३ | २०९३४८ | ३१७ | ६९९३१ | १४७०४ | ८४९५२ | १२४३९६ |
| ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९६१५७ | ४६६१९६ | २१८९५ | ५८४२४८ | ११०४८ | ५०५४२ | १४६४१ | ७६२३१ | ५०८०१७ |
| ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ७२१६२ | ३९४४६८ | ५१५८० | ५१८२१० | १४५३ | ११५१४ | ५९० | १३५५७ | ५०४६५३ |
| ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | १५५४६८ | ११७८६७७ | २६५३५२ | १५९९४९७ | ४३६७२ | ३६२६५१ | १६२९३६ | ५६९२५९ | १०३०२३८ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५९२१६ | २३०४८६३ | ३२०६८४९ | ५८७०९२८ | ५१६०३ | ९९६७६८ | ३०७१९८९ | ४१२०३६० | १७५०५६८ |
| ३५० | सामाजिक विकास मन्त्रालय | १८८०६ | २८३३४३ | ७३८४ | ३०९५३४ | ४७६० | १६१८२१ | ३२१५ | १६९७९६ | १३९७३८ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ३५३६० | ४३६००६ | १०४९४ | ४८१८५९ | ५१४१ | ९१५२४ | ३३६१ | १०००२५ | ३८१८३३ |
| २१० | प्रदेश लोक सेवा आयोग | २०१६ | ० | ० | २०१६ | १२४ | ० | ० | १२४ | १८९२ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ४२१ | ६६४ | ० | १०८५ | १२ | ६६४ | ० | ६७६ | ४०९ |
| ३९१ | प्रदेश योजना आयोग | १५३४ | ८५८ | ० | २३९२ | ३९४ | ४२३ | ० | ८१७ | १५७५ |
| | **जम्मा** | **७५७९८८.८** | **५३८३४८९.१४** | **३६२२७४७** | **९७६४२२४** | **११९४७२** | **१८४४९२९** | **३२७१४३५** | **५२३५८३६** | **४५२८३८८** |

## कोशी प्रदेशका सबै मन्त्रालय/निकाय र मातहत कार्यालय समेतको बेरुजुको एकीकृत विवरण

| क.सं. | आर्थिक वर्ष | लगत रु.हजारमा | | | | फस्यौंट रु.हजारमा | | | | बाँकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल भएको | नियमित गरेको | पेश्की फ. | जम्मा | |
| १ | २०७४/७५ | २७३५ | १९८१५ | ११६ | २२६६६ | ७५ | २२५५ | ११६ | २४४६ | २०२२० |
| २ | २०७५/७६ | ३२९९९ | ४२८२३३ | ८४४७१० | १३०५९४२ | ९०११ | १०९२९८ | ६८०१८० | ७९८४८९ | **५०७४५३** |
| ३ | २०७६/७७ | ९००३७ | १४२०३३६ | २२८५५८८ | ३७९५९६१ | १८३३६ | ७८७१०२ | २२५५५२३ | ३०६०९६१ | **७३५०००** |
| ४ | २०७७/७८ | १४५०१८ | १२६५१८१ | ३१५००३ | १७२५२०२ | २७७५९ | ४८४९५९ | २८६४५६ | ७९९१७४ | **९२६०२८** |
| ५ | २०७८/७९ | ३३०२८९ | ११३८७४२ | १२१७४८ | १५९०७७८ | २८१३६ | १९४३८४ | ३८१०३ | २६०६२३ | **१३३०१५५** |
| ६ | २०७९/८० | १५६९११ | ११११११८१ | ५५५८२ | १३२३६७४ | ३६१५५ | २६६९३१ | ११०५७ | ३१४१४३ | **१००९५३१** |
| कुल जम्मा | | **७५७९८९** | **५३८३४८९** | **३६२२७४७** | **९७६४२२४** | **११९४७२** | **१८४४९२९** | **३२७१४३५** | **५२३५८३६** | **४५२८३८८** |